

# १२ बुझ्न कठिन लाग्ने बाइबलका अंशहरु

<u>*यस अध्यायका मूल पदहरू:*</u> २ तिमोथी २:१०-१५, १ इतिहास २९:१७, याकूब ४:६-१०, गलाती ६:९ र प्रेरित १७:११।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"१५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरू उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्।" (२ पत्रुस ३:१५,१६)।**

येशूका चेला पत्रुसले नै प्रेरित पावलका पत्रहरूको बारेमा लेख्दा उनका कतिपय कुराहरू बुझ्न कठिन छन् भनेर लेखेका थिए (२ पुत्रुस ३:१६)। तर किन कठिन भए त भन्दा मानिसहरू आफ्नै बिनाशको निम्ति पावलका लेखहरू तोडमोड गर्छन् वा बङ्ग्याउँछन्। तर पावलका लेखहरूले यसरी अनर्थ लगाएर सिकाउने मानिहरू आफै पनि अशिक्षित र चञ्चल वा परमेश्वरप्रतिको आस्थामा स्पष्ट वा स्थिर नहुनेहरू छन् (२ पत्रुस ३:१६)। पावलका सबै लेखहरू बुझ्न कठित छन् भनेर पत्रुसले भन्दैनन् तर कुनै कुनैमात्र भनेर उनी स्वीकार्छन्।

यो त हामीलाई पनि थाहा छ, थाहा छैन त? इमान्दारिताकासाथ बाइबल पढ्ने कतिपय मानिसहरूमा बाइबल पढ्दै जाँदा त्यहाँ कतिपय अनौठो र कठिन वा बुझ्नै नसकिने अंशहरू नभेट्नेने को होला र? खैर जे भएतापनि जतिसुकै बाइबल पढेका र जानेका भनेर दावी गरिएतापनि कतिपय समयमा हामी बाइबलका अंशहरू बुझ्न नसक्ने स्थितिमा आइपुग्छौं।

यही सन्दर्भलाई यस अध्यायमा हामी हेर्नेछौं। हामीले बुझ्न नसक्ने बाइबलका अंशहरू कुन कुन हुन् भनेर यस अध्यायमा निकालेर व्याख्या गर्ने त होइन तर ती अंशहरू बुझ्न हामीलाई किन कठिन भयो र इमान्दारीताकासाथ परमेश्वरको वचन पढ्नेहरूले ती अंशहरूलाई कुन तरिकाले हेर्ने र बुझ्न नसकिरहदापनि परमेश्वरको वचनमा कसरी अडिग रहने भनेर यस अध्यायमा हामी हेर्नेछौं। हामीले अन्तमा यो स्वीकार गर्नैपर्छ कि बाइबलका कतिपय अंशहरू यस पृथ्वीमा पापी बासिन्दाहरू भएकाले येशूको दोस्रो आगमन नहोउञ्जेल ती रहस्य खुलस्त हुँदैनन्। अर्कोतर्फ बाइबलका धेरै अंशहरू यस्ता छन् जुन बुझ्न कठिन छैन र नबुझिएका थोरै अंशहरूले परमेश्वरको पूरै वचन वा धर्मशास्त्रको आधिकारिकता र भरोसालाई कमजोर बनाउने कुनै अवस्था नभएको कुरा यस कृतिका लेखक जिकिर गर्दछन्। (हाम्रो समस्या भनेको बाइबलमा नबुझिएका कुरा होइनन् तर बुझिएका कुरालाई कसरी लागुगर्ने भन्नेचाहिँ हो-अनुवादकको टिप्पणी)।

## १. बाइबलका अंशहरू एक आपसमा बाझिन सक्ने केही संभावित कारणहरू

परमेश्वरको वचन पढ्दा लगनशील, निरन्तर र मेहनतसाथ अध्ययन गर्नुपर्छ र सत्यलाई ठिक, शुद्ध, स्तरीय तथा सही तरिकाले व्याख्या गर्नुपर्छ भनेर पावल तिमोथीलाई अर्ति दिन्छन्। हेर्नुहोस्, २ तिमोथी २:८-१९मा तिमोथीलाई पावलले दिएको सन्देश के हामीलाई पनि होइत त? "८ मरेकाहरूबाट जीवित हुनुभएको दाऊद वंशका येशू ख्रीष्टलाई सम्झना गर, मैले प्रचार गरेको सुसमाचार यही हो। ९ त्यही सुसमाचार, जसको निम्ति म कष्ट भोगिरहेछु र अपराधीजस्तै साङ्लामा बाँधिएको छु। तर परमेश्वरको वचन त साङ्लामा बाँधिँदैन। १० यसकारण चुनिएकाहरूका खातिर म हरेक कुरा सहन्छु, ताकि तिनीहरूले पनि अनन्त महिमासहित ख्रीष्ट येशूमा भएको मुक्ति प्राप्त गर्न सकून्। ११ यो भनाइ निश्चित छ, यदि हामी उहाँसँग मरेका छौं भने, हामी पनि उहाँसँगै जिउनेछौं, १२ हामीले सह्यौं भने, हामी पनि उहाँसँगै राज्य गर्नेछौं, हामीले उहाँलाई इन्कार गर्‍यौं भने, उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ, १३ हामी अविश्वासी छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकि उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न। *१४ यो कुरा तिनीहरूलाई सम्झाइदेऊ, र प्रभुको सामु आज्ञा देऊ, कि तिनीहरूले शब्दहरूका विषयमा तर्कवितर्क नगरून्, जसले भलाइ गर्दैन, तर केवल सुन्नेहरूलाई हानि पुर्‍याउँछ।*

*१५ शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्‍वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर।* **१६ भक्तिहीन बकबक त्याग, किनकि यसले मानिसहरूलाई झन् बढ़ी भक्तिहीनतातिर लानेछ। १७ तिनीहरूको बातचित सइनको घाउजस्तो गाडिँदैजानेछ। तिनीहरूमध्ये हुमेनियस र फिलेतस हुन्। १८ पुनरुत्थान अघि नै भइसकेको छ भनेर यिनीहरू सत्यबाट तर्किएका छन्। कति जनाको विश्‍वासलाई यिनीहरूले खलबल्याइरहेका छन्। १९ तर परमेश्‍वरको दृढ़ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।"**

लगनशील भएर बाइबल अध्ययन गर्नेहरूले यो स्वीकार्दछन् कि बाइबलमा यस्ता अंशहरू पनि छन् जुन बुझ्न र बुझाउन गाऱ्हो छ। तर यसले हाम्रो विश्‍वासमा बाधा ल्याउनुहुन्न। साँच्चिकै भनौं भने ती कठित अंशहरू बाइबलमा हुनुलाई अपेक्षित नै मान्नुपर्छ। हामी सिद्ध छैनौं र सबै कुराको ज्ञानमा हामी सिमित छौं। मानिसहरू जुनसुकै क्षेत्रमा जतिसुकै विद्वान भएतापनि त्यस विषयका सबै कुराका सर्वज्ञ भए भन्न हुँदैन (नेपालको रामपुर कृषी क्याम्पसको एक जना प्रोफेसरलाई भेटेको थिएँ। उनले माटोको अध्ययनमा पिएचडी अर्थात् डाक्टर भएका थिए। उनलाई जाँच्ने अरू प्रोफेसरहरू उनकोसामु खडाहुदा उनी त्यहाँ कति जान्ने सावित भए होलान्?-अनुवादकको जिज्ञासा)। यहि संसारमा भएका वस्तुहरूको बारेमा त कतिकुरो हामीलाई थाहा छैन भने झन् स्वर्गको कुरा वा परमेश्‍वरको बारेमा हामीलाई कति थाहा हुनसक्ला? त्यसकारण हामी सिमित ज्ञान भएका मानिसहरू र कतिपय संसारका कुराहरूको बारेमा अज्ञान भएकाहरूले धर्मशास्त्र बाइबलका असिम र अनन्तको परमेश्‍वरको ज्ञानबुद्धिलाई केलाउन थाल्यौं भने कतिकुरा बुझ्न नसक्नु वा बुझ्न गाऱ्हो हुनुलाई स्वभाविकै मान्नु पर्दछ। बाइबलमा भएका कतिपय अंशहरू बुझ्न हामीलाई गाऱ्हो भएतापनि त्यसले बाइबल असत्य हो भनेर प्रमाणित चाहिँ गर्दैन।

बाइबलका शिक्षाहरू परमेश्‍वरको प्रेरणा र उहाँले प्रकट गर्नु भए अनुसार दिइएका हुन् भन्ने कुरामा विश्‍वास नगर्ने जतिसुकै बाइबलका विद्वान् भनाउँदाहरू ती कठिन वा बुझ्न गाऱ्हो भएका अंशहरू आफै गलत छन् र एक आपसमा बाँझ्दछन् भनेर सिकाउँदछन्। तिनीहरूको निम्ति बाइबल केवल मानवीय आविष्कार हुन् र बाइबल मानिसहरूकै दिमागि उपज वा रचिएका

काल्पनिक पुस्तक हुन् भनेर तिनीहरू दावी गर्दछन्। यस्तो मनस्थिति लिएर बाइबल पढ्न थालियो भने बाइबलका पुस्तकहरूको एकता र विश्वसनीयताप्रति मानिसहरू गम्भीर बन्दैनन्। परमेश्वरकै प्रेरणाबाट बाइबल हाम्रो हातमा आएको हो भनेर विश्वासै नगरेपछि तिनीहरू बाइबलको मूल्यमान्यता र गरिमालाई वेवास्ता गर्न पुग्छन्। जब मानिसहरूले बाइबलको प्रथम अध्याय वा सृष्टिको बारेमा नै शङ्का र धेरै प्रश्नहरू गर्न थाल्छन् भने बाइबलका बाँकी अंशहरूप्रति पनि शङ्का, अनिश्चितता र अन्यौलता तिनीहरूको मनमा घुस्न थाल्दछ।

बाइबलमा केही अन्तर वा भिन्नता हुनुको कारण बाइबल अनुवादक र बाइबललाई लिपिबध्द गर्नेहरूको कारणले हुनसक्छ। यस बारेमा एलेन जी ह्वाइट आफ्नो धारणा यसरी प्रस्तुत गर्छिन् "कोहीं हामीतिर फर्केर गम्भीर भएर सोध्छ 'होइन बाइबल सुरूको भाषाबाट अङ्ग्रेजी वा अन्य भाषामा अनुवादगर्दा त्रुटिहरू हुदैनन् र?' यो हुनसक्छ। तर जसले संकुचित मन लिएर बाइबल पढ्छ उसले कतिपय कुराहरू अनुमान वा आफ्नै निष्कर्ष निकालेर पढेको हुन्छ र मानवीय प्रेरणाद्वारा सिर्जित गरिएका विषय बाइबलका कतिपय रहस्यहरूसँग मेल खादैनन् बरू ठक्कर खान पुग्छन् किनभने मानिसको कमजोर दिमागले परमेश्वरको लक्ष्यलाई चियाउन सक्दैन। हुनसक्छ ती मानिसहरू आफैले ठक्कर खाएर बाइबलको बारेमा निकालेका धारणाहरूलाई साधारण मानिसहरूले सजिलै ग्रहण गर्लान् र बाइबललाई नै पन्छाउन पनि सक्छन्। त्यस्ता खालका मानिसहरूले परमेश्वरको बारेमा आत्मज्ञान छुट्याउन सक्दैनन्। परमेश्वरको मुखारबाट निस्किएको सरल अनि सौन्दर्यतरिकाले लेखिएको र मानिसको समुच्च जीवनलाई फलिफाप गराउने र भित्री व्यक्तित्व तथा स्वभावलाई बलियो बनाउने गहन विषयहरू बाइबल र परमेश्वरप्रति आस्था नहुनेहरूले बुझ्न सक्छन् भन्ने छैन। यदि परमेश्वर र बाइबलप्रति गहिरो आस्था कसैको छ भने बाइबलमा भएका कुनै पनि नबुझिएका विषय वा अनुवाद गर्दा त्रुटि भएका कुराहरूले तिनीहरूलाई ठक्कर खान दिँदैन। नबुझिएको कुरालाई बाधा दिने वा अनर्थ भनेर बाइबललाई पनि पन्छाउँदैनन्। बाइबलमा प्रकट भएका सत्यहरू अत्यन्तै सरल छन्  त्यसैले ती मानिसहरूले कठिन भनेर बाइबल र परमेश्वरको आस्थाप्रति आपत्ति जनाउँदैनन्।"-सेलेक्टेड मेसेजेज, बुक १, पृ. १६बाट रूपान्तरित।

बाइबल अध्ययन गर्दा परमेश्वरप्रति समर्पित भएर नम्रतासाथ जानु किन महत्त्वपूर्ण छ?

## २. नबुझिएका वा कठिन लागेका बाइबलका अंशहरूको इमान्दारिता र होसियारीपूर्ण अध्ययन ।

तपाईंले बाइबल पढ्नुहुदा कहिलेकाहीँ यस्तो पद वा अंश तपाईंले भेट्नुभयो होला जुन तपाईंले बुझ्न सक्नुभएन वा त्यस अंशसँग बाइबलका अन्य अंशहरू मेल खाएनन् होलान् । अथवा बुझ्नै कठिन भयो होला? तपाईं बाइबलको पाठक भएको कारणले यस्तो स्थितिको सामना तपाईंले गर्नु नै भएन होला त भन्नै सकिन्न। तर जब त्यस्ता नबुझिने वा तपाईंले बुझ्नुभएको बाइबलको सोचसँग मेल नखाने पद वा अंशहरू भेट्नुहुदा प्रश्न त यो आउँछ कि तपाईंले त्यसलाई कसरी बुझ्नुभयो वा तपाईंको प्रतिक्रिया के रह्यो? अझ महत्त्वपूर्ण कुरो त यो छ तपाईंले त्यस खालका अंशहरू पढ्नु हुँदा तपाँईको प्रतिक्रिया वा जवाफ कस्तो हुनुपर्छ?

**जब तपाईंले बाइबल पढ्दै जाँदा तपाईंलाई बुझ्न कठिन हुने, कसैले पनि बुझाउन नसकेका र बाइबलमा भएका तपाईंले जानेका कुराहरू अरूसँग मेल नखाएको परिस्थितिको सामना गर्नुहुन्छ तब तपाईंले त्यसबेला ती पदहरूलाई कसरी लिनु वा बुझ्नुपर्छ भनेर देहायका पदहरूले कसरी भन्छ? हेर्नुहोस्, १ इतिहास २९:१७,१८ "१७ *म (राजा दाउद) जान्दछु कि तपाईंले हरेकको हृदय जाँच्नुहुन्छ र निष्कपट मानिससित खुसी हुनुहुन्छ। यी सबै थोक मैले राजी-खुसीले इमानदारी र शुद्ध हृदयसाथ तपाईंलाई चढाएको छु। तपाईंका मानिसहरू, जो यहाँ भेला भएका छन्, तपाईंकहाँ आफ्ना भेटीहरू ल्याउँदा खुसी छन्, त्यो मैले देखेको छु।* १८ परमप्रभु हाम्रा पिता-पुर्खाका परमेश्वर, अब्राहाम, इसहाक र याकूबका परमेश्वर यस्तो भक्ति आफ्ना प्रजाका हृदयमा दरिलो पारी राखिदिनुहोस् र तिनीहरूलाई सदासर्वदा आफूतर्फ विश्वासयोग्य बनाइराख्नुहोस्।", हितोपदेश २:१-८ "१ ए मेरो छोरो, मैले सिकाएको कुरा सिक् र मैले भनेको काम कहिल्यै नबिर्सी। २ बुद्धिको कुरा सुन् र त्यसलाई बुझ्ने कोसिस गर्। ३ हो, बुद्धि माग् र अन्तर्दृष्टिको निम्ति बिन्ती गर्। ४ चाँदी वा कुनै गाडधन खोजेझैं त्यसको खोजी गर्। ५ त्यसो गर्‍यौ भने परमप्रभुको भय मान्नु भनेको के हो, त्यो बुझ्नेछौ र तिमीले परमेश्वरको ज्ञान प्राप्त गर्नेछौ। ६ *बुद्धि दिनुहुने परमप्रभु नै हुनुहुन्छ, ज्ञान र समझशक्ति उहाँबाटै***

*आउँछन्। ७ उहाँले नै धर्मी र इमानदार मानिसहरूलाई सुरक्षा र विजय दिनुहुन्छ।* ८ उहाँले अरूसित न्यायको व्यवहार गर्नेहरूलाई रक्षा गर्नुहुन्छ र आफ्ना भक्तजनहरूको रेखदेख गर्नुहुन्छ।" र १ तिमोथि ४:११-१६ “११ यी नै कुराहरूलाई जोड दिएर तिमी पनि सिकाउने गर। १२ तन्नेरी भएको कारणले कसैले पनि तिमीलाई हेंला गर्न नपाओस्। तर तिम्रो बोली-वचन, चालचलन, प्रेम, विश्वास र शुद्धतामा तिमी एउटा नमुना बन्न सक। १३ म नआउञ्जेल तिमीले मानिसहरूलाई धर्मशास्त्र पढेर सुनाऊ, साहस देऊ र शिक्षाहरू दिने गर। १४ तिमीले पाएको दानलाई हेलचेत्र्याइँ नगर। त्यो दान अगमवक्ताले बोल्दा र मण्डलीका धर्म-गुरुहरूले तिमीमाथि हात राख्दा तिमीलाई मिलेको दान हो। १५ तिम्रो सम्पूर्ण ध्यान र भएभरको शक्ति यिनै सिकाएका कुराहरूमा लगाऊ र तिमीले गरेको उन्नति सबैले देखून्। १६ *आफ्नो बारेमा र आफूले दिएको शिक्षाको बारेमा राम्ररी चनाखो होऊ। यी कुरामा लागिरह्यो भने आफू र आफ्ना कुरा सुन्नेहरू दुवै थरीले मुक्ति पाउनेछन्।"*

केवल शुद्ध र इमान्दार, शुद्ध र सत्यवादी भएर बाइबल पढियो भनेमात्र बाइबलमा भएका कुनै कठिन अंशहरूको सामना गर्नसक्छौं। यदि परमेश्वरको वचनप्रति इमान्दार भयौं भने हामीले नबुझेका अंशहरूले हामीलाई थिच्न सक्दैनन् न त तिनीहरूले गर्दा बाइबलका अरू बुझ्नुपर्ने वा बुझ्न सकिने अंशहरूलाई ओझेलमा पार्दछ । यदि हामी इमान्दार भयौं भने ती अंशहरूलाई मामुली वा हल्कारूपमा नहेर्न सक्छौं। बाइबलका पदहरूलाई हल्का वा मामुली रूपमा लिंदा त्यसले बाइबलप्रति गम्भीर भएर बायबललाई केलाएर पढ्नुपर्ने नीतिबाट टाढा राख्दछ। इमान्दार र लगनशील भएका र सत्यनिष्ठा वा सत्यमा चल्ने बानी भएका मानिसहरूप्रति परमेश्वर खुशी हुनुहुन्छ। त्यसैकारण जे गरेतापनि हामीले उहाँको चरित्र वा स्वभावलाई प्रतिबिम्बित गर्नुपर्छ। बाइबल अध्ययन गर्ने शिलशिलामा पनि हामीमा त्यही स्वभाव देखिनुपर्छ।

इमान्दार भएर बाइबल अध्ययन गर्ने मानिसहरूले बाइबलका नबुझिएका वा कठिन अंशहरूलाई कुन सन्दर्भमा लेखिएका हुन् भन्ने कुरावाट बाहिर गएर मानिसलाई पत्यारमा पार्न सत्यलाई तोडमोड गर्ने भाषाको चतुऱ्याइद्वारा विभिन्न प्रमाणहरू दिएर सत्यलाई आफूखुशी अर्थ्याएर अरूलाई आफ्नो हातमा पार्न खोज्दैनन्।बरू नबुझिएका कुराहरूको अचाहिदो र अस्पष्ट तथा गोलमोटोल जवाफ दिनुभन्दा पछि बुझ्न कोसिस गरौंला भनेर पर्खनु जाति

हुन्छ। जब इमान्दारीपूर्वक बाइबल पढिन्छ त्यसको सकारात्मक पक्षले बाइबलप्रति भरोसा राख्न सिकाउँछ। परमेश्वर र अरूसँगको सम्बन्धलाई बलियो पार्ने तथा स्वस्थ्य बनाउने मुख्य आधार हामीमा भएको विश्वास र भरोसा नै हो। हामी विश्वासको चालमा वा आस्थामा अडिग भएर हिंड्न सक्यौं भने नबुझिएका कुराहरूको कमजोर र अर्थहीन जवाफको आवश्यकता नै हुँदैन। "तपाईंले सोध्नुभएको बाइबलको प्रश्नको जवाफ मलाई खास थाहा छैन र त्यस पदलाई ठिकसँग व्याख्या गर्ने समझ ममा छैन" भन्नु असल हुन्छ। तर आफूलाई स्पष्ट नभएको कुरालाई असपष्ट, आनाकानी वा तोडमोड गरेर जवाफ दिंदा बाइबलको गरिमा घट्छ जान्छ।

होसियारी अपनाएर बाइबल पढ्ने मानिसहरूले परमेश्वरको वचनमा भएको सत्यलाई जान्न चाहन्छन् र आफ्नो सिमित ज्ञान र अर्थहीन व्याख्याले बाइबलको निश्कर्ष निकाल्न चाहँदैनन्। तिनीहरू हतारमा बाइबल पढ्दैनन्। सावधानी अपनाएर वा होसियारीसाथ बाइबल पढ्नेहरूले बाइबल पढ्दा बाइबलका बुझ्नैपर्ने कुनै पनि महत्त्वपूर्ण पक्ष वा विषयलाई गहिरो तरिकाले पढ्ने सङ्कल्प गरेका हुन्छन्। आफ्नो सोचमा तिनीहरू हतार गर्दैनन् तर परमेश्वरको वचनलाई एक एक गरेर ध्यान दिएर पढ्छन्। बाइबल सम्बन्धी र बाइबलसँग मेल खाने अन्य सामग्रीहरू पढेर आफूले नबुझेका कुराहरू अध्ययनवद्वारा बुझ्न ती मानिसहरू उत्सुक हुन्छन्।

**अबका दिनहरूमा बाइबल पढ्दा तपाईंले नबुझेका अंशहरूलाई तपाईं के गर्नुहुन्छ वा गर्नुपर्छ? तपाईंको सोच वा विश्वाससँग ती नबुझिएका अंशहरूले मेल खाएन भने तपाईं के गर्नुहुन्छ?**

## ३. नबुझिएका बाइबलका अंशहरूलाई नम्र भएर स्वीकार्नु

**बाइबलमा भएका केही कठिन वा बुझ्न नसकिने अंशहरूको समस्या सुल्झाउन हामी नम्र वा बिनम्र हुनु किन जरूरी छ भनेर देहायका केही पदहरूले के भन्दछ सो विचार्नुहोस्: याकूब ४:६-१० "६ उहाँले अझ बढ़ी अनुग्रह दिनुहुन्छ। यसैकारण पवित्र-धर्मशास्त्र यसो भन्दछ, *"परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।"* ७ यसकारण आफैलाई परमेश्वरको अधीनमा राख। दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ। ८ परमेश्वरको नजिक आओ, र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ। पापी हो! तिमीहरूका हात चोखा पार। दोमनका मानिस हो!**

**तिमीहरूका हृदय शुद्ध पार। ९ दुःखी होओ, शोक गर, र रोओ। तिमीहरूको हाँसो शोकमा, र तिमीहरूको आनन्द खिन्नतामा परिणत होस्। १० प्रभुको सामने आफूलाई विनम्र तुल्याओ, र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।" २ इतिहास ७:१४ "यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु।" र सपनियाह ३:१२ "तिम्रो बीचमा म दीन र नम्रहरूलाई छोड़िराख्नेछु, जसले परमप्रभुको नाउँमा भरोसा गर्छन्।"**

बाइबलप्रति चासो राखेर अध्ययन गर्नेहरूले आफूलाई कति न जान्नेछु भन्ने भावनालाई त्यागेर सिक्ने चाहना राखेर बाइबल पढ्छन् तब तिनीहरूले परमेश्वरको बारेमा जान्न आफूभन्दा बाहिरको शक्तिसँग कति भर पर्नुपर्दो रहेछ भन्ने कुरा अचम्म तरिकाले महसुस गर्दछन्। नम्रभएर परमेश्वरको वचन पढ्दा मानिसलाई उहाँको दिव्यज्ञान वा भित्री आत्मज्ञान प्राप्त हुन्छ। आफ्नो व्यक्तिगत ज्ञान वा खुबी अनुसार परमेश्वरको वचन ग्रहणगर्नुपर्छ भन्ने कुरा ती नम्र मानिसहरूले महसुस गर्दछन्। सत्यको मूल्य भनेको आफ्नो अहंमले चाहेको विषय भन्दा माथि छ र सत्य भनेको आफ्नै धारणा अनुसार हुनुपर्छ भनेर तिनीहरू हठ गर्दैनन्। तर जब तिनीहरू परमेश्वरको वचनसँग नजिक हुन्छन् तब त्यसैले सत्यतिर ढल्काउँछ भनेर तिनीहरू विश्वास गर्छन्। यो कुरो सत्य हो कि नम्र मानिसहरूले भेट्टाउने सबभन्दा सत्य भनेकै तिनीहरू जतिसुकै ज्ञानी, विद्वान भएतापनि तिनीहरूमा परमेश्वरको ज्ञानको कमी कति रहेछ भनेर बुझ्न सक्नु हो। यस मामिलामा पावल स्पष्टसँग उल्लेख गर्दछन् "हामी अहिले जे देख्छौं धमिलो ऐना वा सिसालेमात्र हेर्छौं" (१ कोरन्थी १३:१२ रूपान्तरित)।

नम्र हृदय भएर वा सिक्ने मनस्थिति लिएर बाइबल पढ्दा धेरै फाइदाहरू हुन्छः नम्र भएर वा आफूले धेरै जानेको छैन भन्ने मनस्थिति लिएर बाइबल पढ्नु वा बाइबलको बारेमा प्रश्न गर्नु नै आत्मज्ञानको बिकास हो। त्यसको अर्थ नम्र मानिसहरू गलत हुन्छन् भन्ने होइन।तिनीहरू सोच्ने शक्तिलाई परिरवर्तन गरिरहन्छन् र आफूले विश्वास गरेका शिक्षादीक्षामा ढलमलिन्छन्। तर नम्र भएर बाइबल पढ्नुको अर्थ नै बाइबलमा देखाइएका सत्यप्रति समर्पित हुनु हो। तिनीहरू आफ्नै ज्ञान कतिको सिमित छ भनेर महसुस गर्छन्। बुज्रुक मानिसहरू वा विद्यामा अनेकौं उपाधी पाएर अरूभन्दा

आफू कति न कति जान्ने छु भनेर देखाउने आफ्नो भाऊ खोज्ने, घमण्डी र हठी मानिसहरूले भन्दा नम्र मानिसहरू परमेश्वरको वचन बुझ्न र आत्मज्ञानलाई फराकिलो पार्न सक्षम् हुन्छन्।

नम्र भएर बाइबल अध्ययन गर्ने कुरामा एलेन जी ह्वाइट यसरी आफ्नो मन्तव्य व्यक्त गर्छिन् "मुक्तिको बारेमा जान्ने अठोट लिने सबै मानिसहरू जब परमेश्वरको वचनबाट पाउने अगुवाईको निम्ति आउँछन्, नम्र भएर अध्ययन गर्छन् र सोधपुछ गरेर बाइबलको अर्थ बुझ्ने कोसिस गर्छन् तब बाइबलले भनेका कुरा तिनीहरू बुझ्न सक्नेछन्। तर जो मानिस परमेश्वरको आत्माबाट प्रेरणा पाएको वचनलाई उहाँको इच्छा वा आत्मा अनुसार नभएर अहंम् लिएर बाइबल पढ्छन् र वचनमा नभएको कुरालाई खोज्न थाल्छन् भने त्यसमा उसले केही पनि भेट्टाउने छैनन्। नकरात्मक सोच नलिइकन बाइबल पढ्ने मानिसहरूसँग परमेश्वर बोल्नुहुन्छ। जो परमेश्वरको वचनलाई हलकारूपमा पढ्छन्, आदरपूर्वक पढ्दैनन्, सिक्ने इच्छाले आउँदैनन् वा आफ्नो दिमागलाई प्रदुषित गरेर आउँछन् त्यस्ता मानिससँग परमेश्वरले आफ्नो समय बरबाद गर्नुहुन्न। तर अन्धकारको राजकुमार शैतानले सबै मानिसहरूले आफूलाईमात्र सुनून भनेर घचघचाइरहन्छ, त्यसैले परमेश्वरको पवित्र व्यवस्थाले तिनीहरूलाई केही असर पार्दैन। हाम्रो हृदय नम्र बनाउनुपर्छ, इमान्दार र आदरपूर्वक जीवनको वचनलाई खोज्नुपर्छ किनभने जसले नम्र र आफ्नो पापप्रति पछुतो मानेर परमेश्वरको वचन पढ्छ त्यसलेमात्र परमेश्वरको ज्योति वा दिव्यज्ञानलाई देख्न सक्दछ।"-*एडभेन्टिस्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* अगस्ट २२, १९०७बाट रूपान्तरित।

**निश्चयसाथ आफूलाई के थाहा छ त्यसमा अडिग हुनु र नम्र हुनुको बीचमा कसरी संतुलन राख्ने? कतिले सोध्ने यो प्रश्नको जवाफ तपाईं कसरी दिनुहुन्छ, "होइन, तपाईं सेभेन्थ-डे एडभेन्टिस्टहरूले साबथको बारेमा तपाईंहरूमात्रै ठिक र अरू सम्प्रदाय वा डिनोमिनेशनका इसाईहरू गलत छन् भनेर तपाईंहरू कसरी ठम्याउनुहुन्छ?**

## ४. धैर्यता र अठोट

**गलाती ६:९ हेर्नुहोस् "भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।" अरूको भलाइ गर्न हामी प्रयत्नशील हुनुपर्छ भनेर पावलले भनेको सन्दर्भमा कठिन वा बुझ्न गाह्रो**

**भएका बाइबलका अंश पनि बुझ्ने  प्रयत्न वा नीति हामीले लिनुपर्छ भनेर उनी भन्दछन्। कुनै पनि समस्याको समाधानको निम्ति धैर्यता, लगनशीलता र प्रयत्न किन महत्त्वपूर्ण हुन्छन्?**

यदि कसैले कुनै कुरामा उपलब्धी हासिल गर्न चाहन्छ भने त्यस कुराको लागि ऊ दृढ वा अडिग भएर लाग्नु जरुरी हुन्छ। यदि हामीले कुनै पनि थोक सजिलैसँग प्राप्त गर्यौं भने त्यसलाई हलकारूपमा लिएर हामी त्यसप्रति गम्भीर हुदैनौं। बाइबलमा भएका कठिन अंश वा बुझ्न नसकिने पदहरूले हाम्रो दिमागलाई काम गराउन अवसर दिदछ। नबुझिएका कुरा थाहा पाउन जब हामी प्रयत्न गर्छौं र त्यसलाई नबुझिनछाड्ने अठोट गर्छौं तब बाइबलका ती अंश हाम्रा निम्ति कति महत्त्वपूर्ण रहेछन् भन्ने कुरा  त्यसले हामीलाई देखाउँदछ। जब हामी सजिलै नबुझिएका पदहरूको अर्थ बुझ्न र तिनीहरूमा भएका सन्देश प्राप्त गर्न लगनशील भएर बाइबल पढ्छौं तब त्यसमा लागेको समयलाई खेर गएको समय नै भनिन्दैन। जब नबुझिएका बाइबलका अंशहरूका अर्थ भेट्टाउन गम्भीर भएर लामोसमयसम्म खोजीनीति गर्छौं तब त्यो अनुभव हाम्रोलागि ठूलो आशिषमय हुनसक्छ। समय खर्चेर लगनशीलताका साथ अध्ययन गरेर जब नबुझिएका कुराहरूको अर्थ हामी बुझ्छौं तब हामी संतोषको ठूलो सास फेर्न पुग्छौं। किनभने हाम्रो समस्याको पहाड भइरहेको बाइबलको अंशलाई जब हामी बुझ्छौं तब त्यो अर्थ हाम्रो निम्ति अत्यन्तै मूल्यवान हुन पुग्दछ।

आफूलाई बुझ्न कठिन भइरहेको बाइबलको अंश बुझ्नै नसकिने अंश नै हुन् भन्ने चाहिँ हुदैनन्। कतिपय मानिसहरू बाइबल पढ्छन् र तत्काल बुझ्न कठिन भएका अंशलाई मानिसहरू बुझ्ने कोसिस नै गर्दैनन् वा बुझ्नै चाहँदैनन् बरू त्यो अंश बुझ्नै नसकिने खालको रहेछ भनी ठान्दछन्। अनि कतिपय त आफूले बुझ्न नसकेका बाइबलको अंश वा पदहरूले गर्दा बाइबलप्रतिको विश्वनीयताप्रति नै प्रश्न गर्न थाल्छन्। तर तुत्काल बुझ्न नसकिएका पदहरूलाई प्रार्थनापूर्वक पढ्यौंभने हाम्रो मानवीय ज्ञान सिमित भएतापनि वा अज्ञानताले हामीलाई छोपेतापनि परमेश्वरको सहयोगले त्यसको अर्थ सजिलैसँग भेट्टाउन सकिन्छ भन्ने कुरालाई हामीले बिर्सनुहुन्न। मानौं हामी कुनै गणित वा अल्जेब्राको हिसाबलाई बुझ्न आधाघन्टा वा एक घन्टा लगाएर बुझ्ने कोसिस गर्छौं तब हामीले तुत्काल सामाधान गर्न नसकेको हिसाबको समस्यालाई सधैका लागि सम्भव नै छैन भनेर छोड्यौं भने के होला? त्यसवेला

हामी आफूभन्दा जान्नेकहाँ गएर त्यसको समाधान गर्न खोज्दैनौं र? बाइबल अध्ययनको मामिलामा पनि त्यही नीतिलाई अपनाउनुपर्छ।

फेरि कतिपय समयमा बाइबलका कठित पद वा अंशहरू बुझ्न जतिसुकै प्रयास गर्दापनि बुझ्न सक्नुभएनभने त्यसलाई केही समय रोक्नुहोस् र परमेश्वरले तपाईंलाई स्पष्टरूपमा के देखाउनुभएको छ त्यसलाई व्यवहारमा उतार्न कोसिस गर्नुहोस्। कतिपय समयमा नबुझिएका कुराको आत्मज्ञान त्यसबेलामात्र हामी पाउँछौं जब परमेश्वरले देखाइसक्नुभएको कुरालाई हामी पछ्याउन चाहन्छौं। त्यसकारण बाइबल अध्ययन गर्न प्रयत्नशील हुनुहोस्, लगनशील हुनुहोस् र गम्भीर हुनुहोस्। आखिरमा समयको अन्तमा रहने विश्वासी जनहरूको गुण नै धैर्यता हो (प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालना गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ")।

**कतिपय मानिसहरू लगनशीलताका साथ धैर्यधारण गरेर बाइबलमा नबुझिएका कुराहरू अध्ययन गर्छन्, तिनीहरूबाट हामीले के सिक्ने? बाइबल पढ्दा यदि कसैले बुझेन भने पढ्न नछोड्नुहोस् भनेर हामीले कसरी हौशला दिने? जब बाइबल पढ्दा कतिपय बुझ्न नसकिने पदहरू आउँछन् त्यसवेला त्यसको सामना गर्न हामी किन डराउनुहुन्न?**

## ५. कठिन अंश वा पदहरूलाई बाइबलबाटै वा प्रार्थनाद्वारा बुझ्न खोज्नु

**सुरूका चेलाहरू र चर्चका सदस्यहरूले जब कठिन प्रश्नहरूको सामना गरे तब तिनीहरूले के गरे त? बाइबलको अर्थ थाहा पाउन बाइबल नै उत्तम र महत्त्वपूर्ण स्रोत किन हो? हेर्नुहोस् देहायका केही पदहरूः प्रेरित १७:१०-१२ "१० भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। ११ यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। १२ यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे।", प्रेरित ८:२६-३९ "२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" २७ अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त**

सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। २८
उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक
पढ़िरहेका थिए। २९ तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस
रथको साथ लाग।" ३० फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया
अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा
बुझ्नुहुन्छ?" ३१ तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?"
अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। ३२
अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा काटिनलाई
लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख
खोलेन। ३३ उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको
पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" ३४
तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो
कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?"
३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई
येशूको सुसमाचार सुनाए। ३६ अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी
भएको एउटा ठाउँनेर आइपुगे। ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ,
मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?" [ ३७ फिलिपले भने, "यदि सारा
हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" तिनले
जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।"]
३८ तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले,
र उनले तिनलाई बप्तिस्मा दिए। ३९ तर जब उनीहरू पानीबाट बाहिर
उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले
उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे।" र प्रेरित १५:५-२१
"५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको
खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक
छ।" ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७
निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई
थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले
सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई
चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई
जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९
उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका

हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा
राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न
हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको
अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।” १२
तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्वरले तिनीहरूद्वारा
कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले
गरे। उनीहरूले यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने,
“भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति
अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका
छन्। १५ यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ,
१६ ‘यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु,
त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र बाँकी
मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जुनहरू मेरो
नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन
कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका
छन्।’ १९ “यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने
अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं,
कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर
मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि
नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक
सभाघरमा हरेक शबाथमा पढिँदै छ।”

बाइबलका अंशहरू बुझ्न कुनै समस्या छ भने त्यसको उत्तम समाधान बाइबल आफै हो। जब बाइबलमा कुनै कुरा बुझ्न अपठ्यारो पर्छ भने त्यसको बारेमा बाइबलका अन्य पदहरूले के भन्छ सो खोजेर पढ्नु पर्छ। कतिपय मानिसहरू पूरै बाइबललाई ख्याल नगरि यउटा अंशमात्र वा पदमामात्रलाई जिकिर गर्दै त्यसलाई नै परमेश्वरको आज्ञा हो भने जिद्दी गर्दछन्। तिनीहरूले कुन सन्दर्भमा ती कुरा भने र त्यही कुरा अन्य पदहरूसँग मेल खान्छ कि खादैन भनेर चाहीं हेर्दैनन्। बाइबल बुझ्न बाइबल नै प्रयोग गर्नु अत्यन्तै महत्वपर्ण हुन्छ। बाइबलमा भएको खानीबाट महान् सत्यहरू निकालेर पढ्ने एउटा महत्त्वपूर्ण काम बाइबल अध्ययन हो। बाइबल पढ्दा नबुझिएका पदहरूलाई बाइबलभित्रैबाट खोतलेर पढ्नु बाइबलप्रति चासो राखेर पढ्नेहररूको अध्ययनगत खुबी हो।

त्यसकारण कुनै पद वा विषय तपाईंले तुरुन्तै बुझ्न सक्नुभएन भने त्यही पद वा विषयको बारेमा बाइबलका अन्य पदहरू कहाँ छन् र के भनिएको छ सो खोतलेर बुझ्न खोज्नुहोस्। जुन कुरामा हामी अस्पष्ट छौं वा हामी बुझ्न सक्दैनौं त्यसको बारेमा बाइबलमा अन्यत्र के भनिएको छ सोबाट पनि बुझ्न खोज्नुहोस्। फेरि कुनै स्पष्ट भएको बाइबलको पद वा विषयलाई अरू बुझ्न नसकिने वा कठित पदहरूसँग ल्याएर ती पदलाई कहिल्यै मिसाउनु हुन्न भन्ने कुरो पनि धेरै महत्त्वपूर्ण छ। बाइबलभन्दा बाहिरका स्रोतहरू जस्तै विज्ञान, दर्शन वा अरूको भनाइ र परमेश्वरप्रति आस्था नभएका बुज्रुक वा विद्वानहरूद्वारा गरिएको बाइबलको व्याख्याभन्दा बाइबल आफैले कुनै विषयको बारेमा के भन्छ सो भन्न दिनुपर्छ। बाइबलमा देखा परेका कठिन पदहरूलाई बाइबलले नै उघारेर बुझाउन दिनुपर्छ।

यदि बाइबलबाट कुनै अर्थ वा कठिन अंश हामी बुझ्न चाहन्छौं भने हामीले घुँडा टेकेर नै बाइबलबाट खोज्नुपर्छ भनिएको छ। जब हामी प्रार्थना गर्छौं तब बाइबल बुझ्न र त्यसको भेद खोल्न परमेश्वरको आवश्यकताको हामी महसुस गर्छौं। प्रार्थना गरेर बाइबल अध्ययन गर्दा हामीले पवित्र आत्मालाई हाम्रो दिमागमा काम गर्न दिन्छौं किनभने त्यही पवित्र आत्माको अगुवाईमा बाइबलका लेखकहरूले प्रेरणा पाएर तिनीहरूले जे लेख्नुपर्थ्यो सो लेखेका थिए।

जब हामी प्रार्थना गर्छौं तब हाम्रो नियतलाई खुल्दछ र हामी के र किन बुझ्न चाहन्छौं सो परमेश्वरलाई भन्न सक्छौं। जब हामी प्रार्थना गर्छौं तब हामी हाम्रो आँखा खोलिदिन भनी परमेश्वरसँग माग्न सक्छौं र उहाँले देखाउनु भएका सत्यहरू पालना गर्ने इच्छाशक्ति दिनुहोस् भनि उहाँसँग अनुरोध गर्न सक्छौं। यो अत्यन्तै निर्णायक प्रार्थना हो किनभने बाइबल पढ्ने तर त्यस अनुसार चल्न चाहेनौ भने बाइबलका रहस्यहरू हामी बुझ्न सक्ने छैनौ। जब पवित्र आत्माद्वारा हामीलाई परमेश्वरले अगुवाई गर्नुहुन्छ तब बाइबलमा भएका सत्यहरू एक आपसमा बाझ्दैनन्। परमेश्वर जहिले पनि बाइबल सम्मत चल्नुहुन्छ भन्ने कुरामा हामी विश्वस्त हुनुपर्छ। उहाँले नै बाइबलका लेखकहरूलाई प्रेरणा दिनुभएर बाइबल लेखिएको हुनाले बाइबलमा जे छ त्यो परमेश्वरकै इच्छा अनुसार हामीलाई दिन लेखिएको हो र सत्यको जग नै बाइबल हो भन्ने कुरा हामीले आत्मसात् गर्नु जरुरी छ।

**परमेश्वरको वचन राम्रोसँग बुझ्न र उहाँको वचन अनुसार चल्न तपाईंको दिमागलाई ठिक ढाँचामा राख्न प्रार्थनाले कसरी सहयोग गरेको छ?**

**उपसंहारः**

**थप जानकारीः एलेन जी ह्वाइटको *स्टेप्स टु क्राइस्ट* पृ. १०५-११३को ह्वाट टुडु विथ डाउट?" र देहायको सामग्रीको सेक्सन ८को "मेथडस अभ बाइबल स्टडी" पढ्नुहोस्** *http://www.adventist biblicalresearch.org/materials/bible-interpretation-hermeneutics /methods-bible-study.*

बाइबलमा धेरै रहस्यहरू छन् जुन सिमित दिमाग भएको मानिसलाई बुझ्न कठिन हुन्छ। त्यहाँ भएका गहिराइहरू हामी जस्तो मानिसलाई पूर्णरूपमा व्याख्या गर्न मुश्किल पर्छ। त्यसैकारण हामीले हाम्रो दिमागलाई नम्र र सिकारु अवस्थामा राख्नुपर्छ। बाइबल सिक्ने चाहानाको लागि पवित्र आत्मासँग प्रार्थना गर्नुपर्छ। हामीले बुझेको अर्थसँग बाइबलका पदहरू नमिलेतापनि बाइबलप्रति निष्ठावान भएर वा बाइबललाई विश्वास गरेर यसले के भन्छ सो भन्न दिनुपर्छ। धर्मशास्त्रलाई विश्वास गरेर अध्ययन गरियो भने त्यसका पदहरूलाई सम्मानपूर्वक हेरिनेछ। कतिपय मानिसहरूले आफू सुहाउँदो हुनेगरी बाइबलका पदहरू अनुवाद गर्दछन् वा बाइबलमा भएको सत्य अर्थलाई बङ्ग्याइदिन्छन्।

"जब बिना प्रार्थना विनाआदर परमेश्वरको वचन पढिन्छ तब सोच बिचार र चाहनाहरू परमेश्वरमा केन्द्रित भएको हुँदैन।ती सोच विचार परमेश्वरको चाहनासँग तालमेल हुँदैनन् र दिमाग शङ्काको बादलले ढाकेको हुन्छ अनि बाइबल पढेपनि त्यसप्रति शङ्का वा सन्देह उब्जेर बाइबलप्रति विश्वास नगर्ने अडान आउन सक्छ। शैतानले मानिसहरूको सोचबिचारलाई नियन्त्रणमा राख्छ र गलत व्याख्याहरू गर्न उक्साउँछ। जब मानिसहरू परमेश्वरको वचन र उहाँसँगको तालमेलमा चल्दैनन् तब तिनीहरू बाइबल बुझ्न असक्षम् हुन्छन्। तिनीहरू जतिसुकै बुज्रुक वा विद्वान् भएतापनि त्यस्ता मानिसहरूले गरेको बाइबलको व्याख्यामा भरोसा राख्नुहुन्न र त्यसलाई सुरक्षित पनि ठान्नुहुन्न। जसले बाइबलमा त्रुटिहरू भेट्टाउन खोज्छन् तिनीहरूमा आत्मिक ज्ञान हुँदैन। बाइबलप्रति नकारात्मक सोच लिएर तिनीहरू बाइबल पढ्छन् तब बाइबलप्रति शङ्का गर्ने कारणहरू धेरै छन् भनी दावी गर्न पुग्छन्। सरल र सबैले बुझ्ने सत्यहरूलाई पनि तिनीहरू अविश्वासले हेर्दछन्।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ११०,१११बाट रूपान्तरित।

चिन्तनमनन्:

अ. बाइबल सही रूपमा बुझ्न बाइबलप्रतिको हाम्रो धारणा नै पहिलो जग हो भन्ने कुरामा हामीले यस अध्यायमा किन छलफल गऱ्यौं? बाइबलप्रति अरू के के मनस्थिति वा धारणा हुनुपर्छ जसले गर्दा बाइबल राम्रोसँग बुझ्न सकिन्छ?

आ. बाइबलका कतिपय अंशहरू बुझ्न र व्याख्या गर्नै नसकिने देख्दा पनि हामीले किन अचम्म मान्नुहुन्न? प्रकृतिका कतिपय कुराहरू छन् कतिपय समयमा हामी तिनलाई बुझ्न पनि सक्दैनौं। जस्तै आजसम्म पानीका रहस्यहरू धेरै छन् जो मानिसहरूले बुझ्न सकेका छैनन्।

इ. "आज म तिमीलाई भन्छु तिमी मसँग स्वर्गमा हुनेछौ" भन्ने येशूले क्रुसमा झुण्डिएको चोरलाई दिनुभएको प्रतिज्ञालाई कतिपय मानिसहरू त्यसै दिन त्यो चोर येशूँग स्वर्गमा गयो भनेर बुझ्दछन्। त्यसप्रति हाम्रो पक्का जवाफ के छ? त्यस मामिलालाई देहायका पदहरूले हामीलाई कसरी बुझाउँछन्? हेर्नुहोस्, यूहन्ना २०:१६-१७ "१६ येशूले तिनलाई भन्नुभयो, “मरियम!” तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्, “रब्बोनी,” अर्थात् “हे गुरुज्यू!” १७ येशूले तिनलाई भन्नुभयो, “मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, ‘मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु’।” , उपदेशक ९:५ "किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ।" र १ कोरन्थी १५:१६-२० "१६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। २० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।"

## कथा १२
## फाक्टोरी स्कूलमा परिणत हुन्छ
## आन्द्र्यु मेकचेस्नी, एडभेन्टिस्ट मिसन

एक जना सफल र धनी सेभेन्थ-डे एडभेन्टिस्ट व्यापारीले आफ्नो घरभएको सहरलाई कसरी उचाल्ने भनेर सोचिरहेका थिए। उनी युक्रेन देशको पश्चिम भाग टियाकिभ सहरमा बस्दथे। उनले एलेन जी ह्वाइटद्वारा लिखित *स्टेपस टु क्राइस्ट* पुस्तक धेरै हजार किने र ९,००० जति जनसंख्या भएको आफू वस्ने सहरको सबै घरमा त्यो बाँडे। अनि उनले *द डिजाएर अभ एजेज* र *द ग्रेट कन्त्रोभर्सी* पनि त्यसै गरे। उनी वस्ने सहरको एडभेन्टिस्ट चर्चले उनको प्रयासले राम्रो नाउँ कमायो र चर्चमा ७० जना विश्वासीहरू भए। तर त्यस व्यापारी स्टेपन डोरड्याईले अझै सोच्दै छन् अब *म अरू के गर्न सक्छु?*

एक दिन आफ्नो सोचको वारेमा भ्लाडिमिर ट्काचुकलाई सुनाए। उनी युरो-एशिया डिभिजनको शिक्षा निर्देशक थिए। उनको क्षेत्रमा युक्रेन र धेरै जसो पहिलाको सोभियत रुसका देशहरू पर्दछन्। ट्काचुकले जवाफ दिए "संसारभरि पुग्न आजभोलि स्कूलहरू नै असल माध्यम हुन्।" "ओ, मेरो एउटा भवन छ। म त्यहाँ स्कुल बनाउँछु" स्टेपानले भने। तीन महिनाभित्र आफ्नो फ्याक्टरीलाई एक आकर्षक तिन तले स्कूलमा परिणत गरे र त्यहाँ अत्यन्तै सुन्दर खेल मैदान पनि उनले निर्माण गराए। सन् २०१६मा त्यस स्कूललाई हाप्पी प्लेस सेभेन्थ-डे भनेर नामाङ्करण गरियो र त्यहा ४६जना बालबालिकाहरू भर्ना भए। एक वर्षभित्रै त्यो स्कूलमा ७० जना बिद्यार्थी भए। त्यो स्कूल कक्षा १देखि ४सम्म र एक पूर्व प्राथमिक वा प्रिस्कूल छ। त्यस स्कूलका क्लासरुमहरूको क्षमता अनुसार बालबालिकाहरू भरिएका थिए। त्यस स्कूलको खेल मैदान त्यस सहरकै एकदमै असल मैदान वनेको छ र अरू स्कूलका खेलाडीहरू मैत्रीपूर्ण प्रतिस्पर्धामा सहभागी हुन त्यहा पठाइन्छन्। जब प्रत्येक पल्ट जब केटाकेटीहरू त्यस एडभेन्टिस्ट स्कूलमा खेल्न आउँछन् तब त्यहाँको प्रिन्सिपलले घोषणा गर्छन् "यो विशेष स्कूल हो। हामी यहाँ बाइबल पढ्छौं र हामी एक आपसमा मेलमिलाप गर्छौं। त्यसकारण खेल्नुभन्दा पहिला बाइबलको पद याद गर्न चाहन्छौ?" सबैले चिच्याएर "हुन्छ" भनेर जवाफ दिन्छन्। केही समय अघि तिनीहरूले यूहन्ना १०:१० कण्ठ गरेका

थिए जसमा येशूले भन्नुभएको थियो, "म आएँ ताकि तिमीहरूमा जीवन होस् र त्यो जीवन प्रसस्तमात्रामा होस्" (रूपान्तरित)।

"केटाकेटीहरूले त्यो पद तत्कालै कण्ठ गरे अनि दोहोऱ्याए अनि तिनीहरू खेल्न थाले ।" स्कूलको बारेमा बोल्दै ट्काचुकले भने।

त्यस स्कूलको ४५ माइल वा ७५ किलोमिटर पर ३०० सदस्य भएको एउटा ठूलो चर्च छ। तिनीहरूले नाम चलेको हाप्पी स्कूल देखे र एक आपसमा भने "हामी पनि स्कूल किन नखोल्ने?" त्यसकारण तिनीहरूले आफ्नो सहर इलन्याट्स्यामा एउटा स्कूल खोले जहाँ २२ जना बालवालिकहरू सुरुमा भर्ना भए। यो अत्यन्तै उल्लेखनीय कथा हो। युरो-एशियाभरि सन् २०१२मा १४वटा स्कूलहरू थिए तर आज ६०वटा भन्दा बेसी स्कूलहरू छन्। "आजभोलि स्कूलहरू छिटो छिटो खोलिनुमा धेरै कारणहरू छन्। तर एउटा मुख्य कारणचाहीँ यो हो कि यो ठिक समय र ठिक ठाउँ हो जहाँ परमेश्वरको योजना पूरा हुन्छ" युरो एशिया डिभिजनको अध्यक्ष मिखाएल कामिनस्कीले बताए।

(सन् २०२१को त्रैमासिक भेटीको केही भाग युरो-एशिया डिभिजनमा धेरै चर्च स्कूलहरू खोल्न खर्च गरिनेछ)।